राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १२ २०८२ साउन १३ गते मंगलवार (29 July 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## फरार युवक पक्राउ

दैनिक समाचारदाता
सिराहा, १२ साउन । पारिवारिक विवादका क्रममा दाजुको हत्या गरी फरार एक युवकलाई प्रहरीले भारततर्फ भाग्ने क्रममा सीमावर्ती गाउँबाट पक्राउ गरेको छ ।

सिराहा जिल्लाको गोलबजार नगरपालिका-१०, मुसहर्नियाका करिब २५ वर्षीय श्यामकुमार सदाले आफ्नै सहोदर दाजु ३५ वर्षीय मोतीराम सदाको धारिलो हतियार प्रयोग गरी गत बिहीबार साँझ हत्या गरेका थिए ।

प्रहरीका अनुसार मदिरा सेवन गरेर घर फर्किएका श्यामकुमारले श्रीमती कौशिला सदामाथि कुटपिट गर्न थालेपछि रोक्न आएका दाजु मोतीरामलाई श्यामकुमारले छातीमा धारिलो हतियारले प्रहार गरेका थिए । गम्भीर घाइते भएका मोतीरामलाई तत्काल छिमेकीले लहानस्थित प्रादेशिक अस्पताल पुऱ्याएको र उपचारका क्रममा उहाँको मृत्यु भएको थियो ।

हत्यापछि फरार रहेका श्यामकुमारलाई प्रहरीले सिराहाको दक्षिणी सीमावर्ती क्षेत्र औरही गाउँपालिका-३, जमुवा नहरको बाटो हुँदै भारततर्फ भाग्दै गरेको अवस्थामा पक्राउ गरेको हो । उक्त गाउँ भारत-नेपाल सीमाबाट करिब तीन किलोमिटरभित्र पर्छ ।

जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानका अनुसार पक्राउ परेका श्यामकुमार सदालाई आइतबार जिल्ला अदालत सिराहाबाट पाँच दिनको म्याद लिएर इलाका प्रहरी कार्यालय गोलबजारमा राखी थप अनुसन्धान थालिएको छ । प्रहरीले घटनामा प्रयोग गरिएको धारिलो हतियार बरामद गरेको जनाएको छ । प्रारम्भिक अनुसन्धानमा आरोपितले अपराध स्वीकार गरेको प्रहरी नायब उपरीक्षक पासवानले जानकारी दिनुभयो ।

## एकै परिवारका १६ सम्पर्कविहीन



दैनिक समाचारदाता
सिन्धुलीमाढी,१२ साउन । सिन्धुलीको गोलन्जोर गाउँपालिका-६ छेत्पा नजिक भण्डास विप्परकटेरीमा एकै घरका लोपोन्मुख हायु परिवारका १६ जना चार दिनदेखि सम्पर्कविहीन भएका छन् ।
बिहीबार दिउसो सुँगुर काटेर खाएर एकै परिवारका १६ जना सम्पर्कविहीन भएपछि प्रहरी र स्थानीयले उनीहरूको खोजी कार्य तीव्र बनाएका छन् । सम्पर्कविहीन हुनेहरूमा घरमुली ५२ वर्षीया उर्मिला हायु, उहाँका छ भाइ छोरा, पाँच बहिनी छोरी, बुहारी, जेठो ज्वाइँ र नाति नातिनी रहेका स्थानीयले बताएका छन् ।
उनीहरूले लोपोन्मुख सामाजिक सुरक्षा भत्ता एक लाख ८० हजार रुपियाँ बैङ्कबाट झिक्न बिहीबार नै वडा कार्यालयबाट सिफारिस लिएको वडा सचिव गायत्री भण्डारीले जानकारी दिनुभयो ।
वडा कार्यालयका अनुसार सम्पर्कविहीन रहेकाहरूमा ५२ वर्षीया उर्मिला हायु, २७ वर्षीया कमला, २३ वर्षीया कोमलमाया( बुहारी), २२ वर्षीया उषा, १९ वर्षीया सुजता, २१ वर्षीया अस्मिता, २९ वर्षीय राजु जेठो छोरा, र माइलो छोरा हिमाल रहेका छन् । त्यसै गरी १६ वर्षीय लालबहादुर, १४ वर्षीय वेगबहादुर, ११ वर्षीय लक्ष्मण, १२ वर्षीय सुवर्ण, १० वर्षीय ओमकुमारी, ४ वर्षीय रियासा र १ वर्षीय अर्जुन हायु रहेका छन् ।
एकलासमा रहेको घरमा सोमबार प्रहरी सहितको टोली पुग्दा कोही मानिस भेटिएका छैनन् । अरू बस्तीभन्दा टाढा एकान्तमा उनीहरूको घर रहकाले कहिलेदेखि उनीहरू हराएको भन्ने एकिन् नभएको वडा अध्यक्ष रबिनकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, ‘घरभन्दा अलिमाथि उनीहरूले पाडी पालेका रहेछन् । शुक्रवारदेखि पाँडी भोकै भएकाले उनीहरू पनि त्यही दिनदेखि नै हराएको अनुमान लगाएका छौँ । उनीहरूको आफन्त पत्ता लगाई सोधखोज गरी सम्भावित ठाउँमा खोजी गर्ने कार्य भई रहेको छ ।’
वडाध्यक्ष श्रेष्ठका अनुसार भान्सा घर जल्नुका साथै भाँडाहरू अस्तव्यस्त अवस्थामा रहेका छन् । भान्सा केही जलेको समेत पाइएको छ । खोरमा पाँच वटा बाख्रा समेत भोकै अवस्थामा रहेको अवस्थामा भेटिएको छ । कुखुराहरू चरिरहेका छन् । प्रहरी उपरीक्षक लाल ध्वज सुवेदीले सम्पर्कविहीन भएका हायु परिवारको खोजतलास भई रहेको बताउनुभयो ।

# सुक्खा भूमिमा झरेको वर्षा किसानको मनमा हरियाली

दैनिक समाचारदाता
जनकपुरधाम, १२ साउन । लामो समयको खडेरीपछि सोमबार परेको आकाशे वर्षाले मधेश प्रदेशका किसानको अनुहारमा खुसी छाएको छ । दुई दिनदेखि बदि्लएको मौसम अन्ततः सोमबार दिउँसो मेघगर्जनसहितको झरीमा परिणत हुँदा विशेष गरी चुरे क्षेत्र र पूर्वी तराईका कृषकहरूमा राहतको अनुभूति भएको हो ।

मौसम अनुकूल हुँदै जाँदा किसान मात्र होइन, सर्वसाधारण पनि हर्षित भएका छन् । यो वर्षको शुरुदेखि नै अत्यधिक गर्मीले ग्रस्त मधेशवासी चिसो मौसमको अनुभूतिमा राहत पाएका छन् । विशेषतः असारदेखि असोजसम्म वर्षा हुने परम्परागत समयमै पानी नपर्दा खेतबारी चिराचिरा फाटेका थिए भने जनजीवनसमेत त्रस्त बनेको थियो ।

तर, आइतवारदेखि सुरु भएको मौसममा चिसोपनले जनतालाई केही सहज बनाएको छ भने सोमबारको वर्षाले कृषकहरूलाई उत्साहित बनाएको छ ।

सर्लाहीको हरिपूर्वा नगरपालिका(२ का किसान बिलास राय भन्छन्, “विद्युतीय मोटरले कसोकसो धान रोपेका थियौं, पानीको झरी नपरेको भए सारा बाली सुक्ने थियो । सोमबारको वर्षाले बाली जोगिएको छ ।”



*मधेश प्रदेशका विभिन्न जिल्लामा सोमबार परेको एकदिने आकाशे वर्षाले लामो खडेरीले प्रभावित किसानलाई ठूलो राहत दिएको छ। विशेष गरी चुरे र पूर्वी भेगका क्षेत्रमा प्रभावकारी वर्षा भई खेतबारीमा चिसोपन पुगेपछि किसानहरूमा उत्साह बढेको छ। सर्लाहीका किसानहरूले धान रोपाइँमा आशा देखेका छन् भने कृषि कार्यालयका अनुसार बाँकी रोपाइँ सम्पन्न हुने र पहिले रोपिएको बाली पनि जोगिने सम्भावना बढेको छ। खोलानाला र कुलोमा पानीको बहाव बढेपछि सिँचाइको सुविधा पनि सहज भएको छ। वर्षाले मधेशमा गर्मी कम हुनुका साथै किसानको मनमा हरियाली ल्याएको छ।*

हरिपूर्वा, ईश्वरपुर, चन्द्रनगर, लालबन्दी, हरिवन, बागमती, हरिपुर र कविलासी क्षेत्रहरूमा सोमबार प्रभावकारी झरी परेको थियो । यिनै क्षेत्रहरूमा आकाशे पानीकै भरमा खेती हुँदै आएकाले उक्त वर्षाले ठुलो राहत दिएको हो ।

कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेवप्रसाद कुशवाहाका अनुसार, सोमबारको वर्षाले कृषकमा आशा जगाएको छ । “धेरै ठाउँमा अझै रोपाइँ बाँकी छ, अब त्यो सम्भव हुनेछ । साथै, पहिले रोपिएको धान पनि बाँच्ने सम्भावना देखिएको छ,” उहाँले बताउनुभयो ।

बागमती सिँचाइ आयोजनाका नहर र मोटरपम्प सञ्चालन हुने क्षेत्रहरूमा भने रोपाइँ केही हदसम्म भइरहेको थियो । तर चुरे र पूर्वी भेगको अवस्था निकै चिन्ताजनक थियो । सोमबारको वर्षासँगै बाँके, फूलजोर, कालिन्जोर र लखन्देही खोलामा पानीको बहाव बढेपछि कुलोमार्फत सिँचाइ गर्ने किसानलाई समेत राहत मिलेको छ ।

लालबन्दी नगरपालिका(१६, परवानीपुरका किसान दिलबहादुर थापा भन्छन्, “खोला सुक्ने अवस्थामा थियो । अब पानी परेपछि खेतसम्म पानी पुऱ्याउन सजिलो भयो । कुलोमा पनि पानी आउन थालेको छ ।”

वर्षासँगै सर्लाहीसहित मधेश प्रदेशभरि गर्मी घटेको छ । खेतबारीमा हरियाली देखिन थालेपछि किसानको मन पनि हरियालीले भरिएको छ ।

यसरी, खडेरी र सिँचाइको अभावले निराश बनेका किसानलाई एक दिनको आकाशे वर्षाले आशावादी बनाइदिएको छ । मौसम अनुकूल रहिरहेमा बाँकी रोपाइँ समयमै सम्पन्न हुने र उत्पादन पनि सन्तोषजनक हुने आशा गरिएको छ ।

## देशभर ७८.८४ प्रतिशत भूभागमा धान रोपाइँ




दैनिक समाचारदाता
काठमाडौँ, १२ साउन । देशभर आइतबारसम्म धान रोपाइँ हुने क्षेत्रफलको ७८.८४ प्रतिशत भूभागमा धान रोपिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।
कोशी प्रदेशमा ८०.३९ प्रतिशत, मधेश प्रदेशमा ५१.८२ प्रतिशत भूभागमा रोपाइँ भएको छ । त्यसैगरी वाग्मती प्रदेशमा ८७.१९ प्रतिशत र गण्डकी प्रदेशमा ८.५३ प्रतिशत भूभागमा रोपाइँ सकिएको छ । लुम्बिनी प्रदेशमा ९२.०४ प्रतिशत भूभागमा रोपाइँ भएको छ । कर्णाली प्रदेशमा ९१.३८ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ९८.९४ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको मन्त्रालयले जनाएको छ ।
गत वर्ष साउन १३ गतेसम्म ९२.६ प्रतिशत भूभागमा रोपाइँ भएको थियो । यो वर्ष मधेश प्रदेशलगायतका केही क्षेत्रमा पानी नपरेका कारण हालसम्म गत वर्षको तुलनामा कम क्षेत्रमा रोपाइँ भएको हो ।

## भू-संरक्षणका उपायहरु:

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भू-संरक्षण गरौं ।
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- ककेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरू अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

“माटो बचाऔं, भविष्य जोगाऔं ।”

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# राजस्व वृद्धिसँगै सेवा सुधारको अपेक्षा

जनकपुरधामस्थित यातायात व्यवस्था कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा ६६ करोड रुपैयाँभन्दा बढी राजस्व संकलन गर्नु सुखद उपलब्धि हो। सवारीसाधन दर्ता, नामसारी, चालक अनुमतिपत्र वितरणजस्ता नियमित सेवामार्फत प्राप्त यो आम्दानी कार्यालयको सेवा विस्तार र प्रभावकारिता दुवैका लागि सूचक मान्न सकिन्छ। यद्यपि, संख्यात्मक वृद्धिसँगै गुणात्मक सेवा सुधार पनि अत्यावश्यक छ भन्ने कुरामा राज्य संयन्त्र सचेत हुन जरुरी छ।

कार्यालय प्रमुखको भनाइअनुसार सौर्य ऊर्जाको प्रयोग, सेवाग्राहीमैत्री प्रवाह र व्यवस्थापन सुधारले राजस्व वृद्धिमा टेवा दिएको छ। यो सकारात्मक अभ्यास हो, जुन अन्य कार्यालयहरूले पनि अनुकरण गर्न सक्ने छन्। तथापि, कार्यालयको आफ्नै भवन नहुनु, यातायात विभागबाट प्राप्त १३ हजारभन्दा बढी लाइसेन्समध्ये करिब नौ हजार वितरण हुन नसक्नु, सेवा प्रवाहमा अझै सुधार आवश्यक रहेको स्पष्ट संकेत हो। यसले सेवा प्रवाहको दिगोपन र द्रुतगतिमा नागरिकको पहुँचबारे गम्भीर प्रश्न उठाउँछ।

मधेश प्रदेश सरकारले ल्याएको 'सवारी तथा यातायात व्यवस्था ऐन, २०८१' र त्यसअन्तर्गत कर तथा जरिवाना शुल्कमा दिइएको शतप्रतिशत छुट जनतामैत्री नीति हो। यसले करदातालाई सहज वातावरण सिर्जना गर्नुका साथै कर प्रणालीप्रति विश्वास बढाएको छ। नागरिकहरूले पनि यसप्रति सन्तोष व्यक्त गर्नु प्रदेश सरकारको नीतिगत निर्णयले जनविश्वास पाएको प्रमाण हो।

तर यस्तो छुटको दीर्घकालीन असरबारे पनि प्रदेश सरकारले मूल्याङ्कन गर्न जरुरी छ। एकातिर नागरिकलाई राहत मिलेको भए पनि अर्कातिर कर नतिर्ने प्रवृत्तिलाई सहज रूपमा स्वीकार गरिने हो भने यो वित्तीय अनुशासनमा नकारात्मक असर पार्न सक्छ। त्यसैले, छुटसँगै कर तिर्ने संस्कार विकास गर्ने खालका जनचेतनामूलक कार्यक्रम पनि सँगसँगै सञ्चालन हुनुपर्छ।

मधेशका आठै जिल्लामा यातायात कार्यालयको सञ्जाल विस्तार हुनु, व्यवस्थापन तथा कानुनी समस्याका विषयमा छलफल हुनु सकारात्मक संकेत हुन्। अब यी छलफलहरू कार्यान्वयनमा कति रूपान्तरण हुन्छन् भन्ने कुराले नै सुधारको दिशातर्फ कति अग्रसर भइएको छ भन्ने निर्धारण गर्नेछ।

अन्ततः, यातायात कार्यालयले देखाएको राजस्व संकलनको आँकडा प्रशंसनीय भए पनि सेवा प्रवाहमा अझ पारदर्शिता, गति र पहुँच सुनिश्चित गर्न अझ धेरै काम गर्न बाँकी छ। नागरिकलाई समयमै इजाजतपत्र वितरण गर्न सकिने प्रणाली, भवन निर्माणको शीघ्र सम्पन्नता र डिजिटल प्रविधिको समुचित उपयोगले मात्र यातायात कार्यालयप्रति नागरिकको भरोसा गहिरो बन्न सक्छ। राजस्व संकलनसँगै सेवा गुणस्तरमा पनि राज्यले अब थप ध्यान दिनुपर्ने बेला आएको छ।

# मधेशमा जल संकटको प्रमुख कारण नै चुरे विनाश हो



विजय सिंह

चुरे क्षेत्र मधेशको लागि आमा जस्तै हो। त्यहीं पानी पर्छ, रिचार्ज हुन्छ र त्यसले सिंचाइ तथा खानेपानीका लागि पानी प्रदान गर्छ। तर अहिले चुरेलाई मानिसहरूले जथाभावी उत्खनन, कटानी, आगजनी र चरिचरन गर्ने जस्ता कार्य गर्दै आएका छन्, जसका कारण चुरे क्षेत्रबाट पानी तलतिर रिचार्ज हुन पाएको छैन। रिचार्ज हुनका लागि चुरेको संरक्षण अनिवार्य छ।

भारतीय सिमानादेखि चुरेसम्मको भूभागमा बाढीले पानीको प्रवाहलाई अवरुद्ध गरिदिएको छ। पहिले डुबानका कारण चुरे क्षेत्रको माटो बगाएर तल खेतमा थुप्रिने गर्थ्यो। तल होस् वा माथि, चुरेको संरक्षण सबैको दायित्व हो।

हाल पानी तराईमा परेको छैन तर सिन्धुली र चुरे क्षेत्रमा भने अलिकति पानी परेको छ। त्यसैले 'पानी नै परेको छैन' भन्न मिल्दैन। त्यहाँ परेको पानीलाई तलतिर ल्याउन सके सिंचाइ तथा खानेपानीको समस्या समाधान गर्न सकिन्छ। अहिले देखिएको खानेपानीको हाहाकार अवस्था सधैं रहने होइन। सबै ठाउँमा समस्या पनि छैन। चुरे क्षेत्रको पानी संकलन गरेर तल ल्याउन सकिन्छ। साथै, अर्को विकल्प हो- डीप बोरिङ मार्फत सिंचाइ तथा खानेपानीको प्रबन्ध गर्नु। तर यो निकै खर्चिलो प्रक्रिया भएकाले व्यक्तिको हैसियतले गर्न सकिँदैन। यसमा सरकारको लगानी आवश्यक पर्छ। फेरि, यो तत्कालै हुने काम होइन; ८ देखि १० वर्ष लाग्न सक्छ। यद्यपि अहिलेसम्म मधेश प्रदेशमा डीप बोरिङ मार्फत पानी निकालिएको छैन, तर निकाल्ने हो भने तल प्रशस्त पानी छ। चुरे क्षेत्रमा अझै पनि पर्याप्त पानी छ, जुन जलेश्वरसम्म पनि बगेर जान्छ। उदाहरणको लागि, चीनको बेइजिङ वा भारतको राजस्थान जस्ता शहरमा वार्षिक ५-६ सय मिलिमिटर पानी पर्दा पनि व्यवस्थापन गरेर सबै ठाउँमा पानी पुऱ्याइएको छ। हाम्रो यहाँ त १५००-२००० मिलिमिटर पानी पर्दछ, तर पनि पानीको अभाव छ भने त्यसको प्रमुख कारण व्यवस्थापनको कमी नै हो।

त्यसैले, चुरेको संरक्षण गर्न आवश्यक छ। चुरेबाट आएको पानी स्वाभाविक रूपमा तलतिर सर्छ, यदि त्यसलाई व्यवस्थापन गरेर संकलन गरियो भने मधेशमा सिंचाइ र खानेपानीको दीर्घकालीन समाधान सम्भव छ।

सन् १९५४/५५ तिर तराई-मधेशमा मलेरियाको उन्मूलन कार्यक्रम लागू गरियो। मलेरिया नियन्त्रणसँगै पुनर्वास कार्यक्रम पनि शुरू भयो। त्यसबेलामा चितवन, नवलपरासी, हेटौंडा लगायतका वनजंगल फडानी गरेर बस्ती बसाल्ने काम नेपाल सरकारले गऱ्यो, जुन चुरे क्षेत्रको क्षयको सुरुआत थियो।

त्यसपछि करिब ३० वर्षअघि पूर्व-पश्चिम राजमार्ग निर्माण गरिँदा पनि जंगल फडानी गरेरै बाटो बनाइयो। त्यसपछि पहाडी जिल्ला तथा अन्य स्थानबाट मानिसहरू सरेर त्यही क्षेत्रमा बस्न थाले। अहिले राजमार्ग वरिपरि ठूलठूला बस्ती बनेका छन्, जुन ३० वर्षअघिसम्म थिएनन्।

चुरे विनाशको अर्को प्रमुख कारण डोजर र क्रसर उद्योग हो। पछिल्ला १०-१५ वर्षमा यस्ता भारी उपकरणहरूले चुरे क्षेत्रमा जथाभावी उत्खनन गरेका छन्। एकै ठाउँमा ५०-५० फिटसम्म गहिरो खनेर बालुवा र गिट्टी निकाल्ने काम भएको छ। उत्खननका लागि तोकिएको मापदण्ड विपरित गतिविधि हुँदा चुरेमा रहेको पानीको सतही तह भाँचिएको छ, जसका कारण पानी जमिनको भित्री भागमा फैलिन सकेको छैन।

चुरे दोहनको अर्को कारण स्थानीय तहको संरचनात्मक परिवर्तनसँग जोडिएको छ। जबदेखि स्थानीय सरकारहरू गठन भए, तबदेखि खोलामा बालुवा-गिट्टीको ठेक्का लगाउने काम शुरू भयो। ठेकेदारहरूले डोजर लगाएर चुरे क्षेत्रका खोलाहरूमा जथाभावी उत्खनन गरे। यसले चुरे क्षेत्रलाई थप क्षति पुऱ्यायो।

चुरे विनाशको मुख्य कारणमध्ये यिनै हुन् डोजर-क्रसर उद्योग, मापदण्ड विपरीत गहिरो उत्खनन, सतही जलस्रोतको विघटन र स्थानीय तह मार्फत 'अनकन्ट्रोल' ठेक्का प्रणाली। अन्य कारण जस्तै जथाभावी बाटो बनाउने, आगलागी, चरिचरन वा काठ कटानी यति गम्भीर छैनन्, ती तुलनात्मक रूपमा कम क्षतिकारक छन्।

चुरे संरक्षित नहुने हो भने तराई-मधेश मरुभूमिमा रूपान्तरण हुन धेरै समय लाग्दैन। चुरेमा पानी पर्नु र जनकपुरधाममा पानी पर्नु फरक कुरा हो। उदाहरणका लागि, यदि जनकपुरमा १,१०० मि.मि. वर्षा हुन्छ भने चुरेमा त्योभन्दा बढी अर्थात् २,००० मि.मि. भन्दा बढी वर्षा हुन्छ। यसको कारण चुरे एक अग्लो डाँडा भएकाले हो। मनसुनको हावा जब चुरेको अग्लो डाँडामा ठोक्किन्छ, तब त्यो माथि उक्लिन्छ र चिसिएर वर्षाको रूपमा तल झर्छ। तर, तराई क्षेत्रमा त्यस्तो भौगोलिक संरचना छैन। त्यहाँ अग्लो भनिने भनेको रूख मात्रै हो, जसले त्यस्तो प्रभाव पार्न सक्दैन।

यदि चुरेको डाँडा काटियो भने मधेशमा पानीको स्रोत समाप्त हुन्छ। खेतका लागि लालपुर्जा त हातमा हुनेछ, तर खेत नै खोलामा परिणत भइसकेको अवस्था आउनेछ। मधेशलाई जीवन्त राख्न चुरेको अस्तित्व अत्यन्तै आवश्यक छ।

यद्यपि नेपाल सरकारले चुरे क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा गरेको छ, तर त्यसको कार्यान्वयन प्रभावकारी रूपमा हुनसकेको छैन। संरक्षणको घोषणा मात्रै पर्याप्त हुँदैन, त्यसको कडाइका साथ पालना र निगरानी अत्यावश्यक छ।

जस्तो हाम्रो शरीरका आँखरा, कान, मुटु, टाउको जस्ता अंगहरू संवेदनशील अंगहरू छन् त्यस्तै, चुरे पनि तराई-मधेशका लागि एक अत्यन्त संवेदनशील क्षेत्र हो। तर, यति संवेदनशील क्षेत्रको संरक्षण गर्नुको सट्टा स्थानीय तहहरूले उल्टै डोजर लगाएर जथाभावी चुरेको दोहन गरिरहेका छन्।

मैले चुरे क्षेत्रका खोलानदीबाट बालुवा-गिट्टी निकाल्नुहुँदैन भनेको होइन, निकाल्ने पर्छ। तर त्यसको मापदण्ड हुनुपर्छ। कति निकाल्ने? कहाँबाट निकाल्ने? कति गहिरो खाल्डो खन्ने? यस्ता विषयहरूमा स्थानीय तह वा सरकारी संयन्त्रबाट स्पष्ट नियमन हुन आवश्यक छ। यदि जथाभावी बालुवा-गिट्टी निकालियो भने लाखौं वर्षमा बनेको पानीको लेयर, च्यानल नष्ट हुन सक्छ। त्यसको असर स्वरूप अहिले जमिनमुनि रिचार्ज हुनै नसकिरहेको अवस्था आएको छ।चुरेमा वनजंगल लगाउनै पर्दैन भन्ने होइन, संरक्षण गर्नुपर्छ। वनजंगल लगाउँदा अझ राम्रो हुन्छ। चुरे क्षेत्रमा बास, बावी, सावे जस्ता बहुउपयोगी घाँसहरू प्रशस्त पाइन्छन्, जुन चुरेको रैथाने वनस्पति हुन्। यिनीहरू आफैं उम्रने वनस्पति हुन्, जसले चुरेको माटोलाई संरक्षण गरेर राख्छन्। तर अहिले अवस्था उल्टो छ– सबैले चुरेमा रहेका रूखबिरुवा काटिरहेका छन्, संरक्षण कसैले गरिरहेको छैन। यसबाहेक, मधेश प्रदेश सरकारले चुरे संरक्षण गर्नुको सट्टा आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा चुरे क्षेत्रबाट बालुवा-गिट्टी निकासी गर्ने नीति ल्याएको छ। अब भन्नुहोस्, सरकारले यस्ता नीति ल्याउँछ भने चुरे संरक्षण कसरी हुन्छ? पैसा कमाउने नाममा मधेशको आमा सरहको चुरेलाई बेचेर त हुँदैन नि!

*(लेखक सिंह चुरे विज्ञ हुन्।)*

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# जीवनलाई सन्तुलनमा राख्ने
# १० कुरा, जुन नजान्दा दुःख पाइन्छ




ठूला सफलता प्रायः असफलता पछि नै आउँछ र असफलतालाई अँगाल्न तयार हुनु आवश्यक छ।

व्यस्तता, भागदौड, हतारो अनि दिमागभरि बोझ । हामीमध्ये धेरैको जीवन यतिबेला यस्तै दौडधुपमा सीमित छ । बिहानदेखि साँझसम्म समयसँग लड्दै, केही नछुटोस् भनेर कुदिरहन्छौं । तर यसै हतारोमा कतै न कतै आफूलाई नै बिर्सिरहेका हुन्छौं । कहिले थकित महसुस गर्छौं, कहिले निराश । कहिले सबै कुरा मिलेकोजस्तो लाग्छ, त कहिले सबै छिन्नभिन्न । यसरी अस्तव्यस्त भएको दैनिकीलाई सन्तुलनमा ल्याउन सकिने दश कुरा छन् । जुन मनन् गर्न आवश्यक छ ।

*१. व्यस्त हुनु मतलब उत्पादक हुनु होइन*
तपाईं वरपरका सबैलाई हेर्नुहोस् । सबैजना व्यस्त देखिन्छन्, मिटिङबाट मिटिङ दौडिरहेका, लगातार इमेल पठाइरहेका छन् । तर तीमध्ये साँच्चिकै कति जनाले उच्च स्तरमा सफलता हासिल गरिरहेका छन ?
सफलता दौडधुपबाट मात्र होइन, ध्यान केन्द्रित गरी समयको सही सदुपयोगबाट प्राप्त हुन्छ । हामी सबैसँग दिनको २४ घण्टा नै हुन्छ । त्यसैले तपाईंले त्यो समय कति प्रभावकारी तरिकाले प्रयोग गर्नुभयो भन्ने कुराले तपाईंको उपलब्धि निर्धारण गर्छ ।
उत्पादन नै तपाईंको पहिचान हो ।

*२. ठूला सफलता प्रायः असफलता पछि नै आउँछ*
जबसम्म असफलतालाई अँगाल्न तयार हुनुहुन्न, तबसम्म साँचो सफलताको स्वाद चाख्न सक्नुहुन्न । असफलता तपाईंलाई सही बाटो पहिचान गराउन मद्दत गर्छ । अधिकांश समय, जब तपाईं अत्यन्त हतोत्साहित र थकित महसुस गर्नुहुन्छ, त्यही बेला ठूलो फड्को मार्ने सम्भावना हुन्छ ।

*३. धैर्य र दृढ मानसिकता सफलताको मुख्य सूत्र हो*
सबैभन्दा ठूला सफलताहरू सामान्यतया तब आउँछन्, जब तपाईं सबैभन्दा निराश, अत्यन्त हतोत्साहित र सबैभन्दा अड्किएको महसुस गर्नुहुन्छ । यही निराशाले तपाईंलाई फरक तरिकाले सोच्न, वरपर हेर्न र तपाईंले गुमाएको समाधान हेर्न बाध्य पार्छ ।
धैर्य र आफूले विश्वास गरेको कुराका लागि दुःख भोग्दा पनि राम्रो मनोवृत्ति कायम राख्ने क्षमता चाहिन्छ ।

*३. डर नै पछुतोको सबैभन्दा ठूलो कारण हो*
जोखिम लिन डराउनु हुँदैन । डरले जीवित हुँदा आफूलाई भित्र मार्छ । भित्रभित्रै मरेर बाँच्नु मृत्युभन्दा पनि खराब हो । अन्त्यमा पुग्दा चुकाएका अवसरहरूको पछुतो, विफलताभन्दा धेरै महसुस हुनसक्छ ।

*४. आत्ममूल्यांकन बाहिर होइन, भित्रबाट आउनुपर्छ*
यदि तपाईंको खुसी वा आत्मसन्तुष्टि अरूसँगको तुलनाबाट आउँछ भने तपाईं आफ्नै भाग्यको मालिक हुनुहुन्न । जब तपाईं आफूले गरेको कुनै कामको बारेमा राम्रो महसुस गर्नुहुन्छ, कसैको विचार वा उपलब्धिहरूलाई त्यो तपाईंबाट खोस्न नदिनुहोस् ।
अरूले तपाईंको बारेमा के सोच्छन् भन्ने कुरामा तपाईंको प्रतिक्रियाहरू बन्द गर्न असम्भव भए पनि, तपाईंले आफूलाई अरूसँग तुलना गर्ने काम छोड्नु उपयुक्त हुन्छ । र, तपाईं सधैं मानिसहरूको विचारलाई थोरै मात्रामा लिन सक्नुहुन्छ ।
यसरी, अरू मानिसहरूले के सोचिरहेका छन् वा गरिरहेका छन् भन्ने कुराले फरक पार्दैन, तपाईंको आत्ममूल्य भित्रबाट आउँछ ।

*५. तपाईंको साथीसँग तपाईंकोस्तर निर्धारण हुन्छ*
त्यस्ता मानिसहरूलाई साथ राख्नुहोस् जसले तपाईंलाई प्रेरित गर्छन्, अघि बढ्न उक्साउँछन् । तर त्यस्ता व्यक्तिहरू टाढा रहनुहोस्, जसले तपाईंलाई निराश बनाउँछन् र आशलाग्दो कुरा कहिल्यै गर्दैनन् । यस खालका मान्छेले तपाईंको समय व्यर्थ खर्च मात्रै गरिरहेका हुन्छन् । जीवन छोटो छ, नकारात्मक सम्बन्धबाट छुटकारा पाउनु नै बुद्धिमानी हुन्छ ।

*६. जीवन छोटो छ, भोलिको कुनै ग्यारेन्टी छैन*
कसैको अचानक मृत्युले हामीलाई जीवनको वास्तविक मूल्य सम्झाउँछ । हाम्रो समय, व्यवहार, सम्बन्धका बारेमा सोच्न बाध्य बनाउँछ ।
हरेक बिहान आफ्नो जीवनलाई उपहारझैं स्वीकार गर्न सुरु गर्नुहोस् । जसदिन तपाईं जीवनलाई वरदान ठान्नुहुन्छ, त्यस दिन जीवनले पनि तपाईंलाई वरदान ठान्न थाल्नेछ ।

*७. माफी माग्न नआउँदासमेत क्षमा दिन सकिन्छ ।*
जुनसुकै घृणा वा रिसले तपाईंको तत्कालको खुसी नष्ट गर्छ । दुःख, आक्रोश र नकारात्मक भावना तपाईंको मनमस्तिष्क मात्र होइन, स्वास्थ्यमा पनि असर गर्छ ।
क्षमा गर्नु कमजोरी होइन, आत्ममुक्तिको बाटो हो । किनकि, आफूभित्र घृणा वा रिस पाल्दा आफूलाई सक्काउँछ ।

*८. तपाईं अहिले जुन जीवन बाँचिरहनु भएको छ, त्यो तपाईंले आफैं सिर्जना गर्नुभएको हो ।*
कोही अरूले तपाईंलाई जबरजस्ती निर्णय गर्न बाध्य पार्दैनन् । तपाईंको वर्तमान परिस्थिति तपाईंको विगतका निर्णयहरूको नतिजा हो ।यदि तपाईं अड्किनुभएको वा अलमल महसुस गर्दै हुनुहुन्छ भने जोखिम लिन डराइरहनुभएको हुनसक्छ ।
जुन तपाईंलाई चासो छैन त्यसको शिखरमा पुग्नुभन्दा आफ्नो सपना चढ्नुपर्ने भऱ्याङको तल बस्नु राम्रो हो ।

*९. वर्तमानमा बाँच्न सिक्नुहोस् ।*
कुनै पछुतोले तपाईंको विगत बदल्दैन, कुनै चिन्ताले भविष्य सुनौलो हुँदैन । जहाँ तपाईं अहिले हुनुहुन्छ, जे छ, त्यहीं सम्पूर्ण रूपले दत्तचित्त नभएसम्म तपाईंले साँचो सुख अनुभव गर्न सक्नुहुन्न । वर्तमानमा जिउन दुई कुराले मद्दत गर्छ । एक आफ्नो विगतलाई स्वीकार गर्ने । यदि विगतलाई बिर्सिन सकिएन भने भविष्यलाई पनि बिगार्ने छ । अर्को, भविष्यको अनिश्चिततालाई स्वीकार गर्नुपर्छ ।

*१०. परिवर्तनलाई अँगाल्नुहोस् ।*
जब तपाईं परिवर्तनलाई अँगाल्नुहुन्छ तब मात्र सफल हुने सम्भावना छ । परिवर्तनले सिर्जना गर्ने अवसरहरूलाई चिन्न र पूँजीकरण गर्न आफूसँग खुला दिमाग र खुला हात हुनुपर्छ ।
परिवर्तनलाई बेवास्ता गर्दा त्यो अवसर हराउनेछ भन्ने आशामा तपाईं सधैं उही कामहरू गरिरहनुहुन्छ भने तपाईं असफल हुनुहुनेछ । आखिर, पागलपनको परिभाषा भनेको बारम्बार एउटै काम गर्नु र फरक परिणामको अपेक्षा गर्नु हो ।
जीवन कसैका लागि रोकिँदैन । जब चीजहरू राम्रो हुँदैछन्, तिनीहरूको कदर गर्नुपर्छ । यदि सधैं केही हदभन्दा बढी खोज्ने गरिन्छ भने आनन्द होइन, भइरहेको कामले पनि पिरोल्न सक्छ, असन्तोषी बनाउँछ ।

# कसरी धुने अनुहार ?

अनुहारको छालालाई स्वस्थ, सफा र कोमल बनाउन फेसवास निकै आवश्यक हुन्छ। तर, फेसवास गर्ने तरिका सही हुन जरुरी हुन्छ। यदि फेसवासमा सही तरिका नअपनाउने हो भने अनुहारको छालामा नोक्सान हुन्छ। फेसवाससम्बन्धी केही जानकारी थाहा पाउनुहोस्।

१. फेसवासका लागि राम्रो प्रोडक्ट चयन गर्नुपर्छ। आफ्नो छालाको किसिमअनुसार फेसवास रोज्नुपर्छ। हर्वल फेसवास सबैभन्दा राम्रो विकल्प हो। यसको साइडइफेक्ट हुँदैन। तैलीय छालाका लागि नीम, एलोभेरा र मिन्ट फेसवास प्रयोग गर्न सकिन्छ। सुख्खा छालाका लागि केसर, मिल्क एण्ड हनी फेसवास प्रयोग



गर्न सकिन्छ। डेड स्कीनका लागि स्क्रबवाला फेसवास प्रयोग गर्न सकिन्छ।

२. फेसवासका लागि बढी तातोपानी प्रयोग गर्नुहुन्न। यसले छाला खराब गर्न सक्छ। निकै चिसो पानी पनि उपयोगी हुन्न। फेसवासका लागि मनतातो पानी या ताजा पानीको प्रयोग उत्तम हुन्छ।

३. मानिसहरु बढी रगड्नाले अनुहारको छाला सफा हुन्छ भनी सोच्छन्। तर, यस्तो होइन। यस्तो गर्नाले अनुहारको बाहिरी नरम छाला निस्कन सक्छ र छाला सुख्खा हुन सक्छ। यसैले हल्का र आरामका साथ छाला सफा गर्नुपर्छ।

४. अनुहार पुछ्नु पनि स्वस्थ राख्ने तरिका हो। तर, बढी रगडेर पुछ्नाले बाहिरी छालामा असर पर्न सक्छ। यस्तो गर्नाले छालाभन्दा तल रहेको कमजोर भाग प्रदुषण र घामको सिधा सम्पर्कमा आउन सक्छ। सौन्दर्य विशेषज्ञका अनुसार दिनमा दुईपटकभन्दा बढी अनुहार पुछ्नुहुन्न।

५. मानिसहरु त्यति ध्यान दिँदैनन्। तर, सौन्दर्यका हिसाबले मेकअप हटाउनुपनि जरुरी हुन्छ। यस्तो गर्नाले छालामा राम्रोसंग अक्सिजन पस्न पाउछ। मेकअप नहटाउँदा छालाले राम्रोसंग अक्सिजन लिन पाउदैन र क्षति हुन सक्छ।

६. दिनमा बिहान र बेलुका दुईपटक फेसवास गर्नु राम्रो मानिन्छ। यदि बढीपटक फेसवास गर्ने हो भने छालामा असर पर्न सक्छ। यदि मेक-अप, सनस्क्रीन आदिको प्रयोग नगर्ने हो भने राती विना फेसवास जेल पानीले मात्र अनुहार धुन सकिन्छ।



# मिथिलामा 'झुला' पर्व सुरु

महोत्तरी, १२ साउन । मधेसको मिथिला क्षेत्रमा अहिले झुला महोत्सवको माहोल छ । साउन शुक्ल तृतीयादेखि पूर्णिमासम्म चल्ने पर्व आइतबार साँझ सुरु भएको हो ।

विष्णुलक्ष्मी भक्तिको यो पर्व घरघरै नभएर मठ मन्दिरमा सामुहिक रुपमा मनाइन्छ । विष्णु लक्ष्मीका अवतार मानिने राम सीता र कृष्ण राधाका प्रतिमालाई विशेष झुला (कोक्रा, एकप्रकारको कलात्मक पिङ्)मा झुलाउनु (हल्लाउनु) नै यस पर्वको मुख्य विधि हो । झुलामा राखिएका प्रतिमालाई डोरी समाएर झुला गीत गाउँदै श्रद्धालुले हल्लाउने गर्छन् ।

महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मन्दिरबाट लक्ष्मीनारायणका प्रतिमा डोलीमा राखेर बजागाजासाथ झुलाघर पुऱ्याएर पर्व सुरु गरिएको छ । यो पर्वमा आम सर्वसाधारण आफ्नो बस्ती नजिकको मठ वा मन्दिरमा भेला भई भजनकीर्तन गाउँदै सीताराम र राधाकृष्णका प्रतिमा राखिएका झुला हल्लाउदै नाच्दै भक्तिमा चछन् । झुला उत्सवमा



मिथिलाको लोकलयमा झुला, मलार र कजरी गीत गाइने चलन छ । झुलनोत्सव भनिने यो पर्व प्राचीन मिथिलाक्षेत्रका सबैतिर मनाइए पनि महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठ र मन्दिर एबं जनकपुरस्थित जानकी मन्दिरको निकै प्रसिद्ध छ ।

मिथिलामा यो पर्व राम जन्मभूमि अवध (अयोध्या) र कृष्णको बाललीलास्थल मानिने वृन्दावनबाट देखासिकीबाट भित्रिएको विश्वास गरिन्छ । प्राचीन मिथिलाको राजधानी जनकपुरधाम सीताको माइती भएका हुँदा ज्वाईँलाई प्रसन्न गराउन पर्ने मैथिल परम्पराअनुसार यो पर्व मनाउन विसं १७८७ तिर सन्त सुरकिशोर दासले सुरु गराउनुभएको लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा रवीन्द्रदास वैष्णव बताउनुहुन्छ ।

जनकपुरमा अघि रामसीताको विवाह हुँदा राजा जनकले दाइजोमा दिनुभएको हिरा, रत्न र मणिमाणक्यको थुप्रो लागेको र त्यो पहाडजस्तै बनेको बताइन्छ । अहिले मणिपर्वत भनिने सो ठाउँ जनकपुरस्थित जानकी मन्दिरबाट करिब पाँच किलोमिटर उत्तरपश्चिममा अवस्थित छ । झुला पर्वमा साउन शुक्ल तृतीयाका दिन यसै मणिपर्वतको पूजा गरेर पर्व सुरु गरिने मिथिला परम्परा छ ।

महोत्तरीको मटिहानीमा छुट्टै झुलाघर निर्मित छ । जहाँ लक्ष्मीनारायण मठ र मन्दिरबाट विष्णुलक्ष्मी प्रतिमा डोलीमा बोकेर ल्याइ झुलामा झुलाइन्छ । मटिहानीमा अहिले जिल्लाका र सीमावर्ती भारतका दर्जनौ मठमन्दिरका प्रतिमा झुलाका लागि ल्याइएका छन् । पर्वभरि साधुसन्त केन्द्रमा जम्मा भई पर्वमा रमाउँछन् । यो मिथिलाको परम्परासँग जोडिएको खास सांस्कृतिक पर्व रहेको मैथिल लोकसंस्कृतिका अध्येता एबं मिथिला माहात्म्यका नेपाली अनुवादक जलेश्वर-५ का बासिन्दा ध्रुव राय बताउनुहुन्छ ।

साउन पूर्णिमाका दिन विष्णुलक्ष्मीका प्रतिमा झुलाइने झुलनाको डोरी चुडालेर पर्व समापन गरिने मैथिल परम्परा छ । रासस

# घर सुरक्षितः कर्णाली सरकारको बिमा अभियान



सुर्खेत १२ साउन । कर्णाली प्रदेश सरकारले विपद्‌को उच्च जोखिममा रहेका नागरिकहरूको घरको सुरक्षाका लागि घर बिमा कार्यक्रम शुभारम्भ गरेको छ ।

सोमबार एक कार्यक्रमकाबिच कार्यक्रमको शुभारम्भ गरिएको हो । प्राकृतिक विपद् र अन्य भवितव्यबाट हुने क्षतिको आर्थिक सुरक्षा सुनिश्चित गर्ने लक्ष्यका साथ पहिलो चरणमा १५ वटा स्थानीय तहका १६ हजार ०७२ घरहरूको बिमा गरिएको छ, जसको कुल बिमांक रकम साढे ११ अर्ब रुपैयाँभन्दा बढी रहेको छ। कर्णाली प्रदेश प्राकृतिक विपद्‌को दृष्टिकोणले अत्यन्तै संवेदनशील क्षेत्र भएकाले यहाँका नागरिकले बर्सेनि ठुलो जनधनको क्षति बेहोर्दै आएका छन् ।

यही समस्यालाई मध्यनजर गर्दै प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमार्फत यो महत्त्वपूर्ण कार्यक्रम अघि सारेको हो ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार, 'घर बिमा कार्यक्रम सम्बन्धी कार्यविधि, २०८१' मन्त्रिपरिषद्‌बाट गत फागुन १३ गते स्वीकृत भएसँगै कार्यक्रम कार्यान्वयनको बाटो खुलेको हो ।

मन्त्रालयका सचिव पुष्पराज शाहीले प्रदेशका १० जिल्लाका २३ वटा स्थानीय तहले कार्यक्रममा सहभागी हुन प्रतिबद्धता जनाएको जानकारी दिए। नेपाल बिमा प्राधिकरणले छनोट गरी पठाएका बिमक कम्पनीहरूले घरहरूको मूल्याङ्कन गरेपछि समयमै विवरण बुझाउने १५ स्थानीय तहका घरहरूको बिमा गरिएको हो। रुरुकार्यविधिअनुसार, प्रतिघर अधिकतम २० लाख रुपैयाँसम्मको बिमा प्रिमियम प्रदेश सरकारले व्यहोर्नेछ भने सोभन्दा बढीको बिमांकका लागि घरधनी स्वयंले प्रिमियम तिर्नुपर्नेछ। रुरुहालसम्म प्रिमियमबापत कुल ९८ लाख २४ हजार ८९३ रुपैयाँ भुक्तानी भइसकेको छ।

***क्षतिपूर्तिभन्दा सुरक्षा उत्तमः मुख्यमन्त्री***

एक विशेष कार्यक्रमका बिच कार्यक्रमको शुभारम्भ गर्दै कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले नागरिकको सम्पत्ति सुरक्षाका लागि यो एक नवीनतम र महत्त्वपूर्ण कदम भएको बताए ।

उनले भने, 'थोरै रकमले नागरिकको बसोबासको सुरक्षा हुँदोरहेछ, क्षति भइसकेपछि सरकार गुहार्दै हिँड्नुभन्दा थोरै रकममा बिमा गराउने काममा सबैले सचेतना फैलाउनुहोस् ।' रुरुउनले स्थानीय तहहरूलाई यस कार्यमा अग्रसरता लिन आग्रह गर्दै कृषि तथा पशु बिमालाई पनि प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा सहभागी विभिन्न पालिकाका जनप्रतिनिधिहरूले प्रदेश सरकारको यो कदमले विपद् जोखिममा रहेका नागरिकलाई ठुलो राहत मिलेको बताए र कार्यक्रमको सफल कार्यान्वयनका लागि पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाए ।

# पूर्वमन्त्री थानीलाई मातृशोक

काठमाडौँ, १२ साउन । नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री हृदयराम थानीलाई मातृशोक परेको छ । सुर्खेत क्षेत्र नं २ का प्रतिनिधीसभा सदस्यसमेत रहनुभएका हृदयराम र नेपाल निजामती कर्मचारी युनियनका पूर्व अध्यक्ष भवानी थानीकी माता देवी थानीको गएराति काठमाडौँको वीर अस्पतालमा निधन भएको हो ।

विगत तीन वर्षदेखि श्वासप्रश्वास रोगबाट पीडित थानीको उपचारका क्रममा ९२ वर्षको उमेरमा निधन भएको हो । स्वर्गीय थानीका धर्मकुमारी र अम्बिका दुई छोरीसमेत हुनुहुन्छ । थानीको सुर्खेतस्थित रानीघाटमा मङ्गलबार अन्त्येष्टि गरिने उहाँका नाति इन्जिनीयर उमेश थानीले राससलाई जानकारी दिनुभयो ।

# सुदूरपश्चिमका मुख्यमन्त्रीले बिहीबार विश्वासको मत लिने

दैनिक समाचारदाता

धनगढी १२ साउन । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले बिहीबार विश्वासको मत लिने भएका छन् ।

सोमबार प्रदेश सभाको बैठक सकिए लगत्तै बसेको कांग्रेस संसदीय दलको बैठकले मुख्यमन्त्री शाहले बिहीबारको प्रदेश सभा बैठकमा विश्वासको मत लिने निर्णय गरेको हो ।

कांग्रेसका प्रमुख सचेतक बिक्रम सिंह धामीले शाहलाई विश्वासको मत दिन ह्वीप पनि जारी गरिएको जानकारी दिए । उनकाअनुसार प्रदेश सभा सदस्यहरुलाई १५ गतेसम्म प्रदेशको अस्थायी राजधानी धनगढी नछाड्न समेत निर्देशन दिइएको छ । मुख्यमन्त्री कमलबहादुर शाहले नागरिक उन्मुक्ति पार्टीका उद्योग पर्यटन वन तथा वातावरण मन्त्री रामेश्वर चौधरीलाई बर्खास्त गरेपछि उक्त दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । सरकारले समर्थन गरेको दलले समर्थन फिर्ता लिएमा विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था बमोजिम मुख्यमन्त्री शाहले विश्वासको मत लिन लागेका हुन् । सुदूरपश्चिम प्रदेशसभामा (एक निलम्बन बाहेक) ५२ जना प्रदेश सभा सदस्य छन् ।

विश्वासको मतका लागि शाहलाई २७ जनाले समर्थन गर्नुपर्ने हुन्छ। अहिले शाहको पक्षमा कांग्रेसका १८ र एमालेका




११ सांसद गरेर २९ जनाको समर्थन भएको उनले विश्वासको मत पाउनेछन्।

माओवादी केन्द्रका १०( सभामुख बाहेक), नागरिक उन्मुक्ति पार्टीका ७, एकीकृत समाजवादीका ३ जना, राप्रपा र स्वतन्त्र सांसद १/१ जना प्रदेश सभा सदस्य प्रतिपक्षमा छन् ।







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४